मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

सूचना

१. भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं।
२. घुस लिने र दिने दुबै उत्तिकै दोषी हुन्।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : ३२६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कात्तिक १९ गते बुधवार (Wednesday, November 4. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## कोरोनाले थप दुई जनाको मृत्यु

**बिर्तामोड, कात्तिक १८।** कोरोना संक्रमणका कारण झापामा थप दुई जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा गौरादह नगरपालिका-१ गेउरिया निवासी ८४ वर्षीय गणेशबहादुर अधिकारी रहेका छन्। उनको मंगलवार बिहान आफ्नै घरमा मृत्यु भएको हो। लामो समयदेखि क्यान्सर रोगले पीडित अधिकारीलाई कात्तिक ७ गते संक्रमण पुष्टि भएको थियो। उपचारको क्रममा उनलाई कोरोना पोजेटिभ देखिएको नगरपालिकाका प्रवक्ता नगेन्द्र भण्डारीले बताए। योसँगै गौरादहमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ६ पुगेको छ।

यता बिर्तामोडका शिक्षासेवी सनत ओलीको कोरोना संक्रमणकै कारण मृत्यु भएको छ। सोमवारराति ११ बजे काठमाडौंको हेम्स हस्पिटलमा ६७ वर्षीय ओलीको उपचारका क्रममा मृत्यु भएको परिवारले जनाएको छ।

बिगत तीन सातादेखि कोरोनाका कारण बिरामी परेका ओलीलाई वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको कोभिड अस्पतालमा राखेर उपचार गरिएको थियो। त्यहाँ सम्भव नभएपछि काठमाडौँ लगिएको हो। बुद्धशान्ति गाउँपालिका जयपुर निवासी ओली केही वर्षदेखि बिर्तामोड-५मा बस्दै आएका थिए। लामो समय शिक्षण सेवामा रहेका ओली आदर्श माध्यमिक विद्यालय जयपुरका पूर्व प्रधानाध्यापक हुन्। उनी ओली बंश समन्वय समितिका केन्द्रीय महासचिव समेत रहेका थिए।

## हुन्डी कारोबारमा संलग्न झापाका मित्तलसहित तीन जना पक्राउ

**झापा, कात्तिक १८।** अवैध कारोबार हुन्डीको एक करोड रुपैयाँसहित काठमाडौबाट तीनजना पक्राउ परेका छन्।

केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबीको टोलीले ओमबहालबाट उनीहरुलाई पक्राउ गरेको हो। सीआईबीले झापाका विकास मित्तल, कमल मित्तल र पर्वतका गणेश पौडेल पक्राउ गरेको सीआईबी प्रमुख डीआईजी सहकुल थापाले जानकारी दिए। उनीहरुको बारेमा थप अनुसन्धान भइरहेको थापाले बताए।

# कोरोनाको उपचारका लागि अस्पतालमा ५०% वेड अनिवार्य

**बिर्तामोड, कात्तिक १८।** निजी स्वास्थ्य संस्थालाई आफ्नो बेड संख्याको ५० प्रतिशत बेड कोभिड-१९का विरामीको उपचार गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ।

झापामा कोरोना संक्रमण उच्च बन्दै गएपछि मंगलवार जिल्ला प्रशासन कार्यालय झापामा प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीडीसीएमसी ) को बैठकले यस्तो निर्देशन दिएको हो। नेपाल सरकारले तोकेको नीति बमोजिम निजी स्वास्थ्य संस्थाहरुले आफ्नो वेड संख्याको ५० प्रतिशत वेड कोभिड-१९का बिरामी उपचार गर्ने व्यवस्था क्रमशः कार्यान्वयन गर्ने सहितका आठवटा निर्णय गरेको छ।



झापामा दिनप्रतिदिन कोरोना संक्रमण बढ्दै गएको र मृत्यु दर समेत बढ्न थालेपछि सीडीसीएमसीको बैठकले यस्तो निर्णय गरेको हो। बैठकले निजी स्वास्थ्य संस्थाहरुलाई कोभिड-१९को उपचार खर्चको हकमा नेपाल सरकारले तोके बमोजिमको निर्णय गर्ने भनेको छ। त्यस्तै कोभिड-१९का बिरामीहरुको उपचारमा प्रत्यक्ष खटिने सम्पूर्ण स्वास्थ्यकर्मीहरुले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै उनीहरुको मनोबललाई उच्च राख्न सीडीसीएमसीले सम्वन्धित स्वास्थ्य संस्थामा पुगेर सम्मान व्यक्त गर्ने भएको छ।

वैठकले बिरामीको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर निजी स्वास्थ्य संस्थाहरुले सर्वसाधारणको लागि सहज र सरल रुपले उपचार सेवा उपलब्ध गराउने , नेपाल सरकारले तोके वमोजिम निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुले फिवर क्लिनिक अनिवार्य सञ्चालन गर्ने, मेची प्रादेशिक अस्पतालले आफ्ना दुईवटा ल्यावमार्फत पीसीआर परीक्षणको रिपोर्ट छिटो-छरितो उपलब्ध गराउने, अस्पताललाई आवश्यक स्वास्थ्य सामग्री आयात गर्न सम्बन्धित सबै पक्षले आवश्यक सहजीकरण गर्ने र कोभिड-१९को बिरामीको सहजताका लागि विज्ञ डाक्टरहरुको टिम बनाएर फोन एसएमएस वा अनलाइनको माध्यमबाट परामर्श दिने व्यवस्था गर्ने, त्यसका लागि सबै निजी सामुदायिक तथा सरकारी अस्पतालहरुले डाक्टरको विवरण उपलब्ध गराई दिने र यसको समन्वय जिल्ला स्वास्थ्य कार्यालयले गर्ने निर्णय भएको सीडीसीएमसीले जनाएको छ।

यसैबीच झापामा पछिल्लो समय कोरोना संक्रमितको संख्या बढ्दै गएपछि स्थानीयले लकडाउनको माग गर्दै सामाजिक सञ्जालमा धारणा राख्न थालेका छन्। लकडाउनको बिरोध गरेका स्थानीयले अहिले संक्रमण बढ्न थालेपछि आफैं लकडाउनको माग गरेका हुन्।

दमकमा भने निषेधाज्ञा लगाउने तयारी गरेको छ। बेलुका ४ बजेदेखि १५ दिनसम्म निषेधाज्ञा जारी गर्न सिफारिस भएको हो। दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश तिम्सिनाले बिहानदेखि बेलुका ४ बजेसम्म दैनिक उपयोग्यबस्तु विक्री वितरण खुल्ला हुने बताए। ४ बजेपछि निषेधाज्ञामा कडाइ गरिनेछ।

तिम्सिनाका अनुसार यसपटक कडाइका साथ कार्यान्वयन गरिनेछ। मंगलबार बिहान राजनीतिक दलसँग भएको छलफलमा निषेधाज्ञा र लकडाउन भन्ने विषयमा बहस भएको थियो। अन्ततः

(बाँकी अन्तिम पृष्ठमा)

## तत्काल रासायनिक मल नआउने

**झापा, कात्तिक १८।** धान रोप्ने समयमा नेपालमा मल अभाव भएपछि आवश्यकता परिपूर्ति गर्न सरकारले सापटी रुपमा बंगलादेशबाट ल्याउने तयारी गरेको ५० हजार मेट्रिक टन युरिया मल तत्काल नआउने भएको छ।

गत भदौ दोस्रो साता दुई देशका राष्ट्रप्रमुखबीच भएको टेलिफोन कुराकानीमा मौखिक सहमति भए पनि अझै समझदारीपत्रमा हस्ताक्षर हुन सकेको छैन। मौखिक सहमति भएको दुई महिना बितिसक्दासमेत प्रक्रिया नटुगिङ्दा गहुँमा हाल्न मल अभाव हुने सम्भावना देखिएको जानकार बताउँछन्।

गहुँ लगाउने समयका लागि रासायनिक मल ल्याउने तयारी भए पनि अझै समय लाग्ने देखिएको कृषि तथा पशुपक्षी मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसी बताउँछन्। उनका अनुसार अब केही दिनमा दुई देशका कम्पनीबीच मल खरिद सम्झौतामा हस्ताक्षरको तयारी भएको छ। हस्ताक्षर भएपछि खरिदका लागि मन्त्रिपरिषद् बैठकको अनुमतिसँगै प्रक्रिया शुरु हुनेछ।

कात्तिक महिनामा मल खरिदको सम्झौतामा हस्ताक्षर गरेर मंसीर पहिलो सातादेखि ढुवानी हुने विश्वास गरिएको छ। अनुमान अनुसार सरासर काम भएमा मंसीर दोस्रो सातादेखि नेपालमा रासायनिक मल भित्रन्छ। हामीले शुरुमा रासायनिक मल खरीद गर्ने तयारी गरेका थियौं, बङ्गलादेश सरकारको खरीद वा सापटीको निर्णय स्पष्ट नहुँदा समय लाग्यो, बङ्गलादेशबाट खरीद गरी ल्याउने तयारी गरेर हामीले प्रस्ताव पठायौं। उताबाट खरीद प्रचलन नभएकाले पैंचो अर्थात् सापटीमा मात्र दिने गरी जवाफ आयो- उनले भने- सापटीस्वरुप नै ल्याउने भनेर हामीले ढुवानीका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान समेत गऱ्यौं। बोलपत्र आह्वान भएर कम्पनी छनौट भएपछि पुनः उताबाट रासायनिक मल सापटीमा नभएर खरिद गर्ने भनेर पत्र आयो। उताबाट स्पष्ट जानकारी नआउँदा समय लाग्ने भयो।

उहाँका अनुसार बङ्गलादेशबाट निर्णय नआउँदा बोलपत्रमार्फत ढुवानीका लागि छनोट गरिएको कम्पनीसँग सम्झौता गर्नसमेत अन्योल भएको छ। कृषि मन्त्रालयले मल खरिदको जिम्मा कृषि सामग्री कम्पनीलाई दिएको छ। कम्पनीले ढुवानीका लागि १५ दिनको समय राखेर

(बाँकी अन्तिम पृष्ठमा)

## 'मिनी रोल्पा'का रिजाल अनुसन्धानमा सँधै अब्बल

**बिर्तामोड, कात्तिक १८।** महानगरीय अपराध महाशाखा काठमाडौंबाट दश महिनाअघि इलाका प्रहरी कार्यालय अनारमनीमा प्रहरी नायव उपरीक्षकको दरबन्दी सम्हाल्न आएका मुकुन्द रिजाल अनुसन्धानमा अब्बल रहे।

महानगरीय अपराध महाशाखामा लामो समय काम गरेका उनी झापा सरुवा भएर आए लगत्तै बिर्तामोड र कनकाई नगरपालिकामा जघन्य अपराधका घटना घटे। गत बर्षको माघ महिनामा झापाको बिर्तामोड नगरपालिका-२ चारपाने नजिकै संवेदनशील अंग (गुप्ताङ्ग) काटेर हत्या गर्दै जलाइएको अबस्थामा भारतीय नागरिक सुवान शेखको शव फेला पऱ्यो। नेपालमा रहेर लामो समयदेखि निर्माण क्षेत्रमा श्रमिकको काम गर्दै आएका उनलाई मादक पदार्थ सेवन गरेका आफ्नै साथीले सामान्य विवादमा हत्या गर्दै परालको कुनिउमा जलाएका थिए।

हत्या गरिएका शेखको संवेदनशील अंग (गुप्ताङ्ग) काटेर एकातिर फालिएको थियो भने शव अर्कोतिर जलेर क्षतविच्छ्यत थियो। शवको पहिचान खुल्ने कुनै आधार नै थिए। तर, प्रहरी नायव उपरीक्षक रिजालको कमाण्डमा खटिएको प्रहरीको टोलीले घटनामा संलग्नलाई तत्काल पक्राउ गर्न सक्षम भयो। शेखको हत्यामा सम्लग्न चारपाने निवासी दुई युवा तत्काल पक्राउ परे। पक्राउ पर्नेमा २० वर्षीय करण चौधरी र लक्ष्मण यादव छन्।

त्यस्तै गत २८ असोजमा कनकाई नगरपालिका-३ निवासी २२ वर्षीय अभिषेक चौधरीको हत्या भयो। लागू पदार्थ सेवनको विषयमा कनकाई नगरपालिका-७का नगरपालिका-७का २२ वर्षीय टुल्के भनिने रवीन राजवंशीले बञ्चरो प्रहार गर्दै चौधरीको हत्या गरेर बाँस झ्याङ्मा



शव फ्यालेका थिए। तर, घटना घटेको ८ घण्टा पनि बित्न नपाउँदै प्रहरी नायव उपरीक्षक रिजालकै कमाण्डमा खटिएको प्रहरीको टोलीले घटनामा सम्लग्नलाई पक्राउ गर्दै कारवाही अगाडि बढाएको छ।

पूर्वको उदाउँदो शहरका रुपमा परिचित बिर्तामोड आफैंमा जनघनत्व बढी भएको शहरका रुपमा हेर्ने गरिन्छ। पूर्वी नाका काँकरभिट्टा हुँदै भारतीय बजार जान सहजता र पूर्वी पहाडी जिल्लाको पनि प्रमुख बजार रहेका कारण यहाँको जनघनत्व आफैंमा बढी छ। अव्यवस्थित बसोबास र जनघनत्व बढी भएकै कारण जिल्लाका अन्य ठाउँमा भन्दा बिर्तामोड र आसपासका क्षेत्रमा आपराधिक गतिविधि समेत अधिक हुने गरेको छ। जसमध्ये माथिका दुई वटा घटना प्रतिनिधि मात्रै हुन्।

लागूऔषधको अवैध कारोवार, होटलमा हुने यौनजन्य गतिविधि, अवैध चोरी तस्करी, मानव अपहरण तथा शरीर बन्धक, हत्या र बलात्कार जस्ता जघन्य अपराधकै कारण इलाका प्रहरी कार्यालय अनारमनीमा आउने प्रहरी प्रमुखलाई शान्ति सुरक्षा कायम राख्न हम्मे-हम्मे पर्ने गरेको थियो। तर, प्रहरी उपरीक्षक रिजालले इलाका प्रहरी कार्यालय अनारमनीको जिम्वेवारी सम्हालेपछि त्यस्ता जघन्य अपराधका घटनामा कमी आएका छन् नै घटनामा सम्लग्न समेत तत्काल पक्राउ पर्न थालेका छन्।

प्रमाणमुखी अनुसन्धानमा विश्वास राख्ने रिजालले प्रहरी सेवाका दौरानले लिएको तालिम र महानगरीय अपराध महाशाखा काठमाडौ बस्दा आर्जन गरेका ज्ञानका कारण जस्तोसुकै घटनालाई पनि सूक्ष्म अध्ययन गर्दै सही नतिजा निकाल्न निपूर्ण देखिएका छन्। प्रहरी नायव उपरीक्षक रिजाल बिर्तामोड आएसँगै लागूऔषधको अवैध कारोवार, होटलमा हुने यौनजन्य गतिविधि, अवैध चोरी तस्करी, मानव अपहरण तथा शरीर बन्धक, बलात्कार जस्ता जघन्य अपराधका घटनालाई प्रायः शून्यमा झरेका छन्।

प्रहरी संगठनभित्र भएको श्रोत परिचालन गर्दै लागूऔषधको अबैध कारोवारमा सम्लग्नलाई धमाधम पक्राउ, होटलमा हुने यौनजन्य गतिविधिलाई निस्तेज, अबैध चोरी तस्करीको बाटो नै बन्द गरेपछि आपराधिक गतिविधिमा समेत कमी आएको हो। २०६२ सालबाट प्रहरी निरीक्षकका रुपमा नेपाल प्रहरीमा प्रवेश गरेका रिजालले आफूमा भएको दक्षतालाई प्रस्तुत गर्दै दुई/दुईपटक शान्ति सेनामा गएर 'एफपीयू' र 'युएनपीओएल' मिसनमा सहभागी हुँदै द्वन्द्वरत् मुलुकमा शान्ति स्थापनाका लागि नेपाल प्रहरीका तर्फबाट सुडान र दक्षिणी सुडानमा काम गरिसकेका छन्।

प्रहरी निरीक्षक हुँदै चुनौति बोकेर सुडान पुगेका उनी विभिन्न देशका प्रहरीसंग

(बाँकी अन्तिम पृष्ठमा)

## चितामै रोकियो तीन घण्टा शव

**मोरङ, कात्तिक १८।** विराटनगर-११का एक व्यक्तिको मृत्युपछि उनका आफन्तले अन्त्येष्टि गर्ने क्रममा चितामा नै तीन घण्टा शव राखेका छन्।

कोरोना संक्रमणका कारण न्यूरो अस्पताल विराटनगरमा मृत्यु भएका एक पुरुषको अन्त्येष्टि गर्ने क्रममा आफन्तले तीन घण्टासम्म शव चितामै रोकेका हुन्।

मतृक विराटनगर-११का ४९ वर्षीय पुरुषलाई परम्बिश्रान्ती स्थल हाटखोला घाटमा पुऱ्याएर चितामा राखि सकिएको थियो। त्यस क्रममा आफन्तले मुख हेर्ने क्रममा रगत बगेको देखेपछि अन्त्येष्टि रोकेका थिए।

कोरोना संक्रमित पुरुषलाई गत कात्तिक १४ गतेदेखि अस्पताल भर्ना गरिएको थियो। उपचारका क्रममा मंगलबार बिहान ३:५० बजे उनको मृत्यु भएको हो। मृत्युपछि नेपाली सेनाले उनको शव अन्त्येष्टिका लागि घाटसम्म पुऱ्याएको थियो। अस्पतालबाट मृत्यु प्रमाणपत्रसहित शव लिएर पुगेको सेनासँग आफन्तले पुरै शरीर हेर्न पाउनुपर्ने माग गरेका थिए।

मृतकका छोराले मृत्युमा आशंका लागेपछि मृतक बुबाको पूरै शरीर हेरेपछि मात्रै अन्त्येष्टि गर्न दिने माग राखिएको बताए। परिवारले मृतकको मुखबाट रगत बग्नुको कारण माग्दै पुरै शरीर हेर्न पाउनु पर्ने माग समेत गरेका थिए।

दिउँसो १२ बजेदेखि आफन्तले शव जलाउन रोकेपछि न्यूरो अस्पतालका डाक्टर अनिल मेहताले घटनास्थलमै पुगेर आफन्तलाई मुखबाट रगत आउनसक्ने सम्भावना रहेको जानकारी दिएका थिए। उनले शरीरका अन्य भागमा कुनै समस्या नभएको र कोरोना संक्रमितको विभिन्न कारणले फोक्सोमा समस्या हुँदा रगत जमेर निस्कनसक्ने संभावना रहेको बताएपछि अन्त्येष्टि गरिएको थियो। केही कन्फ्यूजन रहेछ, मैले घाटमै पुगेर उहाँहरुलाई ब्रिफिङ गरे, डाक्टर मेहताले भने- अहिले मृतकको अन्त्येष्टि भयो।

**तीन करोड ४० लाख कोरोनामुक्त**

कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भइसकेकाहरुको संख्या विश्वभरि तीन करोड ४० लाखभन्दा बढी पुगेको छ।

विभिन्न निकायहरुले सार्वजनिक गरेको विवरण अनुसार मंगलबारसम्ममा विश्वभरी तीन करोड ४० लाख ६० हजार २४१ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भइसकेका हुन्।

तर, कोरोनाभाइरसबाट सङ्क्रमित भएर मृत्यु भएकाहरुको संख्या भने १२ लाख १२ हजार ११६ पुगेको अधिकारीहरुले जनाएका छन्। विश्वभरि अहिलेसम्म कोरोनाभाइरसबाट कूल चार करोड ७३


(बाँकी अन्तिम पृष्ठमा)

खुल्यो ! खुल्यो !! खुल्यो !!!

हाम्रो शहर बिर्तामोडमा देश तथा विदेशमा अति नै लोकप्रिय गोल्ड स्टार कम्पनीको आधिकारिक शोरुम खुल्यो।



यहाँ विश्व प्रशिद्ध गोल्ड स्टार कम्पनीका आकर्षक जुत्ता तथा चप्पलहरु विभिन्न साइजहरुमा शुपथ मूल्यमा उपलब्ध छन्।



आर. के. इन्टरप्राइजेज
मुक्तिचौक दुर्गामन्दिरबाट १५० मी.पूर्व काँकरभिट्टा रोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४०४२१, मो. ९८४२७१६७०७

महिला कर्मचारी आवश्यकता

जुत्ता, चप्पल शोरुमको लागि खुद्रा सेल्स गर्न सक्ने महिला कर्मचारी आवश्यक परेकोले इच्छुक तु-सम्पर्क गर्नुहोला।
पदः सेल्स गर्ल- ३ जना योग्यताः +२ वा सो सरह
सम्पर्क गर्नुपर्ने अन्तिम मितिः २०७७।०७।२४ सम्म

हिल्स एण्ड टोज
हनुमान कम्प्लेक्स पहिलो तला बिर्तामोड, ०२३-५४२२४३, ९८५२६७२६३७

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ।




सातौ बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# फस्टाउँदै भक्काको व्यापार



**झापा, कात्तिक १८।** पूर्वका अधिकांश ठूला तथा साना बजारमा यतिवेला भक्काको व्यापार निकै फस्टाएको छ।

चिसो मौसम शुरु भएसँगै ग्रामीण क्षेत्रको बजार होस् वा पूर्व-पश्चिम राजमार्गसँग जोडिएका चौक र बजारमा भक्काको व्यापार फस्टाएको हो। विशेषगरी पूर्वका आदिवासीको मौलिक परिकार रूपमा परिचित 'भक्का' को स्वाद सर्वसाधारणले रुचाएपछि यसको व्यापार फस्टाएको छ।

विशेषगरी झापाको दमकदेखि जिल्लाको दक्षिणी क्षेत्रका गौरादह, ग्वालडुब्बा, गौरीगञ्ज, दामुनाकालगायत 'भक्का' को स्वाद सर्वसाधारणले रुचाएपछि यसको व्यापार फस्टाएको हो। राजवंशी समुदायले घरघरमा खाजाको रूपमा चामलको पिठोबाट बनाउने भक्का पछिल्लो समय तराईका जिल्ला हुँदै इलाम, पाँचथरलगायतका पहाडी जिल्लामा समेत बनाइने गरिन्छ।

राजवंशी समुदायले घरघरमा खाजाको रूपमा चामलको पिठोबाट बनाउने भक्का पछिल्लो समय तराईका जिल्ला हुँदै इलाम, पाँचथरलगायत पहाडी जिल्लामा समेत बनाइने गरिन्छ। सडकका किनारामा बनाइने भक्काका लागि छुट्टै भाडा तिर्नु नपर्दा व्यापारीको रकम समेत बच्ने गरेको छ। बिहान बेलुका खाजाका रूपमा खाइने भक्काको व्यापारबाट घरखर्च तथा नानी पढाउन समेत सहयोग पुग्ने गरेको दमककी कन्चला राजवंशीको भनाइ छ। भक्का बेचेको आम्दानीले नै पाँच जनाको परिवारको गुजारा चलेको छ- उनले भने- भक्का बेचेर दैनिक एक हजारभन्दा बढी आम्दानी हुने गरेको छ।

जाडो मौसममा मात्र बनाइने भक्काको मौसमी व्यापार हुने गरेको छ। पहाडी जिल्लाका गाउँमा ऐले पनि भक्का बनाउने र खाने चलन छैन। तर शहर बजारका गल्ली तथा चोकमा भक्काको व्यापार फस्टाउने गरेको छ। जाडो मौसममा चोक तथा गल्लीमा बसेर भक्का बनाउँदा शरीरलाई न्यानोसमेत हुने र केही रकम पनि बच्ने भएपछि महिलाहरू भक्का बेचेर नै गुजारा चलाउने गरेका छन्। भक्का बालबालिका, युवायुवती र वृद्धवृद्धा सबैले रुचाएर खाने गरेका छन्।

# सिनेमाघर खुले पनि आएनन् दर्शक

**एजेन्सी, कात्तिक १८।** भारतमा कोरोना भाइरसको कारण बन्द भएका सिनेमाघर खोल्ने अनुमति दिएको धेरै भयो। तर, दर्शकको भने हलमा शुन्य उपस्थिति छ। शहर-शहरमा भएका सबै मल्टीप्लेक्समा एक दुई शो नियमित हुने भए पनि दर्शकहरु भने आउन सकेका छैनन्।

भारतमा फिल्म देखाउन कोही तयार नै छैनन्। दर्शक नै फिल्म हेर्न आउँदैनन् भने फिल्म निर्माताहरुले पनि हिम्मत गर्न सकेका छैनन्। जुन-जुन शो चलिरहेका छन्, त्यहाँ दर्शकहरु गन्न मिल्ने संख्यामा फिल्म हेर्न पुगेका छन्। सिनेमा घरको बिजुलीको पैसा पनि उठ्न नसकेको फिल्म हलहरुले गुनासो गरिरहेका छन्। फिल्म हलको यस्तो हालत देखेर ठूला फिल्म निर्माताहरुले पुरै क्षमताको साथमा फिल्म देखाउन अनुमति दिएमा मात्र प्रदर्शन शुरु गर्ने मुडमा पुगेका छन्।

के कोरोना कै कारण दर्शकहरु हलमा नआएको हुन् त भन्ने बारे अन्यौल छ। अब जब ठूला फिल्म र ठूला स्टारको फिल्मले हलमा प्रर्दशन गर्ने अनुमति लिए भने मात्र वास्तवमै दर्शक सिनेमा घरमा आउन डराएका हुन् वा होइनन् भन्ने पत्ता लाग्नेछ। यदि त्यो समयमा पनि दर्शक हलसम्म आउन सकेनन् भने कोरोनाको डर कायम रहेछ भन्न सकिनेछ।

सेनिटाइजर र सरकारको गाइडलाइनको फलो गर्नु कसैको वसको कुरा हुँदैन। केही फिल्म हलका मालिकहरुले बिजुलीको खर्चको पैसा उठाउन नसकेको समयमा सेनिटाइजरको खर्च उठाउनु त परेको कुरा हो। धेरै फिल्म हल खुलेको नाममा ढोका मात्र खोलेर बसेका छन्।

# लकडाउनलाई सदुपयोग गर्दै बाख्रापालनमा युवा

**इलाम, कात्तिक १८।** मासु र उन्नत नस्लको बाख्राको मूल्य बढेसँगै इलामका युवा व्यावसायिक बाख्रापालनमा सक्रिय भएका छन्। लकडाउनको सदुपयोग गर्दै उनीहरूले उक्त पेशा अंगालेका हुन्।

विदेशबाट फर्किएका इलाम नगरपालिका-२का लीला खतिवडाले यही पेशालाई व्यवसायिकरूपमै विस्तार गर्ने योजना रहेको बताउँछन्। कोरियाबाट फर्किएका उनले रू. तीन लाखबाट शुरु गरेको व्यवसायमा अहिले रू. ७ लाखभन्दा माथिको लगानी देखिन्छ। लकडाउन अगाडि एक-दुईवटा मात्र बाख्रा पाल्ने उनको परिवार अहिले पूरै बाख्रा पालनमा लागेर नश्ल सुधारका लागि रू. एक लाख मूल्य बराबरको बोयर जातको बोका खरिद गर्नाका साथै दुई दर्जनभन्दा बढी बाख्रा पालनमा सक्रिय छ।

त्यस्तै सन्दकपुर गाउँपालिका-३का युवा गोपाल खतिवडाले पनि व्यवसायिक रूपमै उन्नत जातका बाख्रा पालेका छन्। यसरी बाख्रापालन गरी आम्दानी बढाउन र छिटो मुनाफा आर्जनमा यहाँका थुप्रै किसानको सक्रियता देखिएको छ। उनीहरूले स्थानीय खरीदेखि जमुना पारी, सिरोही र बोयर जातका बाख्रा पालन गरिरहेका छन्। उन्नत जातको केही बाख्रा पाल्दा वार्षिकरूपमा रू. आठ/दश लाखसम्म कमाइ हुने भएकाले धेरै धन कमाउन विदेश जान नपर्ने कृषक गोपालको भनाइ छ। वार्षिक ६० देखि ७० वटासम्म बोका उत्पादन गर्नसके पनि सामान्यत रू. १० लाखभन्दा बढी आम्दानी हुने उनी बताउँछन्।

जिल्लाका विभिन्न भागमा पछिल्ला दिन बाख्रापालन व्यवसाय धेरै विस्तार भएको पाइन्छ। चाडबाडमा मासुका लागि खसीबोकाको माग बढ्ने भएकाले ग्राहकहरू घरमै खसीबोका किन्न आउने गरेका छन्। पशु सेवा विज्ञ केन्द्रले जिल्लाभर एक सय ७५ वटा फर्म दर्ता भएको जनाएको छ। सन्दकपुर गाउँपालिका, इलाम नगरपालिका, देउमाई नगरपालिका, माईजोगमाईलगायत जिल्लाका गोदक, शान्तिपुर, सोयाक र गजुरमुखी बाख्रा पालनका लागि पकेट क्षेत्र मानिएका छन्। स्थानीय तहमासमेत फर्म दर्ता गरी किसानले बाख्रापालन व्यवसाय सञ्चालन गर्दै आएका छन्। उनीहरूमध्ये कतिपयले त सरकारी निकायबाट अनुदान समेत पाएका छन् भने कतिले अनुदानका लागि पनि बढी बाख्रा पाल्न थालेका छन्।

## मिनी ...

बसेरसँगै काम गर्दा आर्जेको ज्ञानलाई अहिले नेपालमा सदुपयोग गर्दैछन्। सरल स्वभावका उनी बाँकेका स्थायी बासिन्दा हुन्। तर, आफूलाई 'मिनी रोल्पा' (बर्दियाको टापु- कर्णाली र भेरीले घेरेको भू-भाग) को बासिन्दा बताउने उनी सानैदेखि जंगी पेशा प्रति रुची राख्दथे। अध्ययनकै सिलसिलामा २०६१ सालमा प्रहरी निरीक्षकमा प्रतिस्पर्धा गरेका रिजालले लिखित्मा नाम निकाल्न सफल भए पनि मौखिकमा असफल भएका थिए।

घोडा चढ्ने लड्छ भनेजस्तै एकपटक असफल भए पनि उनले आफूमा भएको इच्छालाई कहिल्यै मर्न दिएनन्। बरु आफूमा भएको कमजोरीलाई सुधार्दै पुनः दोस्रोपटक प्रहरी निरीक्षक पदमा प्रतिस्पर्धा गरे। प्रहरी निरीक्षकमा दोस्रोपटक प्रतिस्पर्धा गर्नै कमैलाई मात्र सौभाग्य मिल्छ। त्यो सौभाग्य रिजाललाई पनि मिल्यो। जसका कारण उनी पुनः २०६२ सालमा सोही पदमा प्रतिस्पर्धा गर्दै नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा नाम निकाल्न सफल भए।

प्रहरी निरीक्षक भएपछि पहिलोपटक बर्दियाको इलाका प्रहरी कार्यालय राजापुरको जिम्मेवारी सम्हालेका उनी अनुसन्धानमा कुनै दिन चुकेनन्। १६ महिनासम्म बर्दिया बसेर काम गरेका उनी त्यसपछि जाजरकोट, बाँके, जिल्ला ट्राफिक प्रहरी कार्यालय धरानमा रहेर काम गर्न भ्याए। २०७४ सालमा प्रहरी नायव उपरीक्षक पदमा वढुवा भएका उनी त्यस लगत्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय इटहरीमा समेत रहेर काम गरे। हेटौंडासहित महानगरीय अपराध महाशाखा काठमाडौंमा समेत काम गरेका उनी अहिले इलाका प्रहरी कार्यालय अनारमनीमा कार्यरत् रहेका छन्।

झग्गुप्रसाद रिजाल र शोभा रिजालका कान्छा छोराका माइला दाइ माधवप्रसाद रिजाल समेत नेपाल प्रहरीमा कार्यरत रहेका छन्। उनी अहिले जिल्ला प्रहरी कार्यालय प्यूठानमा प्रहरी नायव निरीक्षक पदमा कार्यरत् छन्। उनका जेठा दाइ भीमलाल रिजाल भने शिक्षक पेशामा सम्लग्न छन्। उनी प्रधानाध्यापक हुन्।

आमावुवाले रिजाललाई निजामति सेवातर्फ प्रवेश गराउन चाहे पनि सानै देखिको आफूमा भएको रुचीका कारण उनी प्रहरी सेवामा प्रवेश गरेका हुन्। दाङमा जन्मिएका रिजाल बर्दियालाई कर्म थलो बनाए पनि उनको परिवार भने अहिले बाँकेमा रहेको छ। नेपाल प्रहरीमा समेत अब्बल ठहरिएका डीएसपी रिजाल अनुसन्धानको क्षेत्रमा सँधै अगाडि छन्। जसका कारण नेपाल प्रहरी र समाजमा उनको छवि बेग्लै रहेको छ।

## चितामै ...

लाख ६३ हजार ९८५ जना सङ्क्रमित भएका छन्।

कुल सङ्क्रमितमध्ये एक करोड २० लाख ९१ हजार ६२८ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन्। अहिले पनि सङ्क्रमित अवस्थामै रहेकामध्ये झण्डै ९९ प्रतिशत अर्थात् एक करोड २० लाख चार हजार ९५७ जना मध्यम अवस्थामा रहेका छन् भने झण्डै एक प्रतिशत अर्थात् ८६ हजार ६१७ जनाको अवस्था गम्भीर रहेको छ।

सङ्क्रमित र मृतकहरुको संख्याका आधारमा हेर्दा अमेरिका सबैभन्दा बढी प्रभावित देखिएको छ। अमेरिकामा अहिलेसम्म कूल ९५ लाख ६७ हजार ५४३ जना सङ्क्रमित हुँदा कूल दुई लाख ३६ हजार ९९७ जनाको मृत्यु भएको छ।

त्यसैगरी दोस्रो धेरै प्रभावित भएको भारतमा अहिलेसम्म कूल ८२ लाख ६७ हजार ६२३ जना सङ्क्रमित भएका छन् भने एक लाख २३ हजार २३९ जनाको मृत्यु भएको छ। तेस्रो धेरै मानवीय क्षति भएको ब्राजिलमा अहिलेसम्म एक लाख ६० हजार २७२ जनाको कोरोनाभाइरसकै कारण मृत्यु भएको छ। ब्राजिलमा अहिलेसम्म ५५ लाख ५४ हजार २०६ जना सङ्क्रमित भएका छन्।

कोरोनाभाइरसबाट रुसमा अहिलेसम्म १६ लाख ७३ हजार ६८६ जना सङ्क्रमित भएका छन् भने २८ हजार ८२८ जनाको मृत्यु भएको छ। कोरोनाभाइरसबाट प्रभावित भएका मुलुकहरुमध्ये रुस चौथो अग्रपंक्तिमा पर्दछ। पाँचौं अग्रपंक्तिमा रहेको फ्रान्समा अहिलेसम्म कोरोनाभाइरसका कारण ३७ हजार ४३५ जनाको मृत्यु भएको छ। फ्रान्समा कोरोनाबाट अहिलेसम्म १४ लाख ६६ हजार ४३३ जना सङ्क्रमित भएका छन्। त्यसैगरी स्पेन, अर्जेन्टिना, कोलम्बिया, बेलायत र मेक्सीको कोरोनाभाइरसबाट प्रभावित अग्र १० देशमा रहेका छन्।

## कोरोनाको ...

नगरपालिकाले निषेधाज्ञाका लागि सिफारिस गरेको तिम्सिनाले जनाए। दमकमा ४२८ जनामा संक्रमण देखिएको छ भने १८ जनाको मृत्यु भएको छ। नगरपालिकाले गरेको सिफारिसका अनुसार जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा जारी गर्नेछ। स्थानीय तहले स्वास्थ्य सावधानी अपनाउन आग्रह गरे पनि बजार क्षेत्रमा भने सामान्य स्वास्थ्य मापदण्ड समेत पालना गरेको पाइँदैन।

केही समय अघि बिर्तामोडका अधिकांश व्यवसायीले आफ्नो व्यवसाय अघि सावुन पानीको व्यवस्था गरे पनि संक्रमण बढ्दै जाँदा समेत अहिले भने त्यस्ता स्वास्थ्य मापदण्ड पालना गरेको पाइँदैन। कतिपयले मास्क समेत नलगाई हिँड्डुल गर्ने गरेका छन्। कोरोना संक्रमण समुदायमा फैलिएकाले स्वास्थ्य मापदण्ड पालना गर्न जिल्ला स्वास्थ्य कार्यालय झापाले आग्रह गरे पनि नागरिककै अटेरीका कारण कोरोनाको संक्रमण भयावह बन्ने खतरा बढ्दै गएको सरोकारवालाले बताएका छन्।

## तत्काल ...

गत असोज ३ गते अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो। कृषि कम्पनीले बोलपत्र प्रक्रियामार्फत मल ढुवानी गर्न संयुक्त अरब इमिरेट्सको जेन्ट्रेड एफजेडएफ कम्पनीलाई जिम्मा दिएको छ। पाँच कम्पनीको आवेदन परेकामा जेन्ट्रेडले सबैभन्दा कम मूल्यमा ढुवानी गर्ने प्रस्ताव गरेको थियो। कृषि कम्पनी र जेन्ट्रेडबीच भएको सम्झौतामा ६० दिनभित्र ल्याइसक्नुपर्ने उल्लेख भए पनि प्रक्रियामा ढिलाइ हुँदा समस्या भएको बताइएको छ।


## राहदानी हरायो

झापाको धुलाबारीबाट बिर्तामोड जाने क्रममा यही मिति २०७७।०६।०६ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

नाम:- अर्जुन दाहाल
ठेगाना:- बुद्धशान्ति गा.पा.-५, झापा शान्तिनगर-३, झापा
राहदानी नं.:- ०५५८०९९३
फोन: ९८०४९१६७२८



## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियारको नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ५ का श्री बाबुराम नेपालले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपसिल अनुसारको सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा क प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल
१) पूर्वतर्फः श्री काजीमान लिम्बू   २) पश्चिमतर्फः बाटो
३) उत्तरतर्फः श्री रमेशप्रसाद तिम्सिना   ४) दक्षिणतर्फः श्री रामबहादुर तामाङ

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता नं. | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-५ | २०७४ | ०-१-० | २३३८ | २०७७।०७।१४ | २०७७।०७।१८ |



## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



## कमल नगरपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
प्रदेश नं. १, झापा

### सँधियार सम्बन्धी १५ दिने सूचना

प्रथमपटक प्रकाशित मिति : २०७७/७/१८

कमल गाउँपालिका क्षेत्रभित्र वडा नं. ३ साविक तोपगाछी गा.वि.स वडा नं. ७ का कि.नं. ३४७ को ज.वि. ०-२-१५ जग्गामा घर नक्सा पास गरी पाउँ भनी २०७७/७/३० मा कमल वडा नं. ३ बस्ने पदममाया श्रेष्ठको नक्सासहितको दरखास्त पर्न आएकोले स्थीय स्वायत शासन ऐन २०५५ को परिच्छेद ९, दफा १५३ को (क) अनुसार चौतर्फी सीमानाको पूर्वतर्फको बाटो, पश्चिमतर्फ कि.नं. १५३, १२८को एककुमारी श्रेष्ठ, उत्तरतर्फ कि.नं. ७३को खड्कबहादुर खड्का र दक्षिणतर्फ नं. ३४६को फनमाया भुजेल भएको संधियारहरुले सो कि.नं. मा घर नक्सा पासको लागि आफ्नो जग्गा मिचिएको भएमा यस कार्यालयमा १५ दिनभित्र सबुत प्रमाणसहित रित पूर्वकको संधियारहरुले दरखास्त दिनु होला उचित कार्वाही हुनेछ। तोकिएको म्यादभित्र दरखास्त पर्न नआएमा पछि उजुरी लाग्ने छैन। ऐन नियमानुसार नक्सा पास भई जानेछ।

कमल गाउँपालिका (झापा)



## भगवती बचत तथा ऋण सहकारी संस्था लिमिटेड
कनकाई-३, सुरुङ्गा झापाको

### निर्वाचन सम्बन्धी महत्वपूर्ण सूचना

यस भगवती बचत तथा ऋण सहकारी संस्था लि. को नयाँ कार्य समिति चयन गर्न निर्वाचन उपसमितिद्वारा तयार पारिएको निर्वाचन कार्यतालिका देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं। साथै यस कोभिड-१९ को संक्रमणको समयमा सकेसम्म सहमतिबाट नयाँ कार्य समिति चयन गर्न प्रयास गर्ने र नभएमा प्रतिवेदनमाथि सुझाव संकलनको समयमा मतदान गर्ने व्यवस्था मिलाइने जानकारीका लागि अनुरोध छ।

**निर्वाचन कार्यतालिका**

| क्र.सं | मिति | विवरण | समय |
|---|---|---|---|
| १ | २०७७/०८/१४ गते आइतबार | मतदाता नामावली प्रकाशन | विहान ११ बजे |
| २ | २०७७/०८/१४ गते आइतबार | मतदाता नामावलीमाथि दाबी विरोध | दिउँसो २ देखि ४ बजेसम्म |
| ३ | २०७७/०८/१५ गते सोमबार | मतदाताको अन्तिम नामावली प्रकाशन | बिहान ११ बजे |
| ४ | २०७७/०८/१६ गते मंगलबार | उमेरद्वारी दर्ता | बिहान १० देखि १२ बजेसम्म |
| ५ | २०७७/०८/१६ गते मंगलबार | उम्मेदवारको पहिलो नामावली प्रकाशन | दिउँसो १ बजे |
| ६ | २०७७/०८/१६ गते मंगलबार | उम्मेदवारीमाथि दावि विरोध | दिउँसो २ देखि ४ बजेसम्म |
| ७ | २०७७/०८/१६ गते मंगलबार | उम्मेदवारी दाबी विरोध माथि छानविन | दिउँसो ४ देखि ५ बजेसम्म |
| ८ | २०७७/०८/१७ गते बुधबार | उम्मेदवारी फिर्ता | विहान ११ देखि १ बजेसम्म |
| ९ | २०७७/०८/१७ गते बुधबार | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिउँसो २ बजे |
| १० | २०७७/०८/१७ गते बुधबार दिउँसो ३ बजेदेखि २०७७/०८/१८ गते बिहिबार राति १० बजेसम्म | प्रचारप्रसार | २०७७/०८/१७ गते दिउँसो ३ बजेदेखि २०७७/०८/१८ गते राति १० बजे सम्म |
| ११ | २०७७/८/१९गते शुक्रबार बिहान ९ बजेदेखि २०७७/८/२५ गते विहिबार दिउँसो ४ बजेसम्म (सुझाव संकलन कार्यतालिका बमोजिम अ-आफ्नो समय तालिका अनुसार सुझाव संकलन कार्यपछि मतदान हुने छ। | मतदान | सुझाव संकलन कार्यतालिका बमोजिम आ-आफ्नो समय तालिका अनुसार सुझाव संकलन कार्य पछि मतदान हुने छ। |
| १२ | २०७७/०८/२६ गते शुक्रबार | मतगणना | बिहान ७ बजेदेखि |
| १३ | | घोषणा | मतगणना सम्पन्न भए पश्चात |

**साधारणसभा हुने तथा सुझाव संकलन मिति, समय र स्थानः**

| शेयर सदस्यता नं. | मिति | स्थान | समय |
|---|---|---|---|
| १ देखि २०० सम्म | २०७७।०८।१९ शुक्रबार | संस्थाको सभाहल | ९-५ बजेसम्म |
| २०१ देखि ४०० सम्म | २०७७।०८।२० शनिबार | संस्थाको सभाहल | ९-५ बजेसम्म |
| ४०१ देखि ६०० सम्म | २०७७।०८।२१ आईतबार | संस्थाको सभाहल | ९-५ बजेसम्म |
| ६०१ देखि ८०० सम्म | २०७७।०८।२२ सोमबार | संस्थाको सभाहल | ९-५ बजेसम्म |
| ८०१ देखि १००० सम्म | २०७७।०८।२३ मंगलबार | संस्थाको सभाहल | ९-५ बजेसम्म |
| १००१ देखि १२०० सम्म | २०७७।०८।२४ बुधबार | संस्थाको सभाहल | ९-५ बजेसम्म |
| १२०१ देखि माथि सबै | २०७७।०८।२५ बिहीबार | संस्थाको सभाहल | ९-५ बजेसम्म |

श्री ईश्वरीप्रसाद शिवाकोटीः निर्वाचन उपसमिति
भगवती साकोस, कनकाई नगरपालिका-३, सुरुङ्गा



## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### अनुदानको मल बिक्रेता नियुक्ति छनौट सम्बन्धी सूचना

मितिः २०७७।०७।१८

भूमि व्यवस्था कृषि सहकारी मन्त्रालय, विराटनगरको च.नं. २१६ मिति २०७७।०६।१२ गतेको परिपत्र अनुसार अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७को परिच्छेद-३को दफा १५ अनुसार आ-आफ्नो स्थानीय तहहरुमा रासयनिक मल विक्रेता कम्पनीमा नियुक्तिका लागि सिफारिस गरी पठाउनुपर्ने भएकोले अर्जुनधारा नगरपालिका क्षेत्राधिकारभित्र रहेको इच्छुक कृषि सहकारी संस्था/कृषि फर्म वा कम्पनीहरुले मल विक्री वितरण गर्नका लागि तपशिलका कागजातसहित यो सूचना प्रकाशन भएका मितिले ७ दिनभित्रमा अर्जुनधारा नगरपालिका कृषि विकास शाखामा निवेदन दिनुहुनको लागि मिति २०७७।०७।१७ गतेको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको निर्णयानुसार सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरुः**
१) आवेदन   २) कृषि सहकारी संस्था/फर्म वा कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि
३) विगत २ आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि।
४) स्थानीय लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि
५) अनुभव/दक्षता, कार्यक्षमताको विवरण
६) सम्बन्धित वडा कार्यालयको सिफारिस
७) नापतौल गर्ने मेसिन/गोदाम घर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण
८) रासायनिक मलको कारोबार गरेको भए गत २ आ.व.को मल खरिद विक्री गरेको विवरण।

महेन्द्रकुमार खाम्याहाङ्गः प्रमुख प्रशासकीय अधिकृत



## शनिश्चरे बहुमुखी क्याम्पस सामग्री खरिद तथा निर्माण उपभोक्ता समिति, अर्जुनधारा-७ झापाको

### शिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना

(प्रथमपटक प्रकाशित २०७७/०७/१६)

यस शनिश्चरे बहुमुखी क्याम्पस अर्जुनधाराको लागि विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदानबाट निर्माण हुन गइरहको भवन निर्माण कार्यका लागि निम्न सामग्रीको आवश्यकता भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७७/०८/०२ गते) भित्र इच्छुक सामग्री आपूर्तिककर्ता वा फर्मले आफ्नो व्यवसायको लेटरप्याडमा सामग्रीको मूल्यसूचीसहित तोकिएको ढाँचामा दरभाउपत्रसहित आवश्यक कागजात समेत पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ।

**आपूर्ति गर्नुपर्ने सामग्री**
१. इटा १ नं.   २. रड र यससंग सम्बन्धित सामग्री
३. सिमेण्ट (ओ.पि.सि./पि.पि.सि.)   ४. प्लाइउड
५. झ्याल ढोका काठ र आल्मुनियम
६. रंग रोगनसंग सम्बन्धित (सिमेन्ट र काठमा) सामग्री
७. विद्युत वेयरिङसंग सम्बन्धित सामग्री
८. सेनिटेशन र यससंग सम्बन्धित सामग्री
९. ढुंगा, गिटी तथा बालुवा साथै पुरुवा (स्थानीय खोलाबाट)
नोटः अन्य विस्तृत जानकारीका लागि सम्पर्क **फोन नं. ०२३-४६५०२७, ९८५२६६५०२७, ९८५२६७५६३४, ९८४२६३९२०७**

**शनिश्चरे बहुमुखी क्याम्पस सामग्री खरिद तथा निर्माण उपभोक्ता समिति,** अर्जुनधारा-७ झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# महिला हिंसाविरुद्ध शून्य सहनशीलता

**लैङ्गिक हिंसाविरुद्ध नेपाली समाजमा सचेतना बढ्दै गएको छ । यस सम्बन्धमा सर्वत्र सजगता भए पनि महिला हिंसाका घटनामा कमी हुन सकेको छैन । छ/सात वर्षका बालिकादेखि वृद्धाहरु पनि कुनै न कुनै प्रकारका शोषण र हिंसामा परेका अनगिन्ती घटनाहरु उजागर भइरहेका छन् । मानिस सभ्य हुँदै गएको मानिएको आजको युगमा अझै किन बर्बर र जङ्गली व्यवहारको पुनरावृत्ति भइरहेको छ ? पितृसत्तात्मक समाजको कुरुप अनुहार प्रत्येक दिन समाचारका पानाहरुमा असरल्ल छरिएका हुन्छन् । मानवीय सभ्यताका मुखुण्डोभित्र नरभक्षी, असभ्य र क्रुर अनुहार लुकेको देखिन्छ । आज पनि महिला माथि हुने हिंसा कम भएका छैनन् बरु हिंसाका अनेक रुप बाहिर आएका छन् । संविधानले महिला अधिकारका पक्षमा वकालत गरे पनि बनेका कानून कार्यान्वयन गर्ने निकायमा बसेकाहरु नै न्याय दिन उदासीन छन् । महिलाको हक–अधिकारको रक्षा हुन्छ भन्ने कुरामा ढुक्क हुन सकिन्न । महिला हिंसाका अनगिन्ती घटना हामीले हाम्रै वरिपरि देखिरहेकै छौँ । रक्षकहरु नै भक्षक हुँदा न्याय मरिरहेको दुःखद् अवस्था हाम्रो मुलुकमा छ । महिला र पुरुषबीचको विभेद, दाइजो, मादक पदार्थ, जुवातास, बालविवाह, बहुविवाह आदि नै महिला हिंसा र घरेलु हिंसाका प्रमुख कारकतत्व हुन् ।**

**महिला सुरक्षाका सवालमा सचेतना वृद्धि गर्ने क्रमसँगै हिंसामा परेका महिला उत्थानका लागि आवश्यक पहल आवश्यक हुन्छ । महिला तथा बालबालिकाको मानव अधिकारको संरक्षण गर्न, उनीहरुको सम्मानपूर्वक बाँच्न पाउने हक–अधिकार सुनिश्चित गर्न आवश्यक छ । बोक्सीको आरोप, छाउपडी, दाइजो जस्ता कुप्रथा समाजमा रहेकाले महिला र बालबालिका विभिन्न हिंसा भोग्न बाध्य हुने गरेका छन् । अध्ययन अनुसार विश्वभर प्रत्येक तीन मध्ये एक महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोगेका हुन्छन् र धेरैजसो हिंसा भने उनीहरुका अत्यन्तै निकट नातेदार वा जीवनसाथीबाट भोगेको पाइएको छ । नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत समानताको हकमा कुनै पनि नागरिकलाई जाति, धर्म, वर्ण र लिङ्गको आधारमा भेदभाव गरिने छैन भन्ने उल्लेख गरिएको छ । घरेलु हिंसा राज्यको शैक्षिक, आर्थिक, राजनीतिक, कानूनी पाटोका त्रुटिहरु महिला हिंसाका कारण बनिरहेका छन् ।**

**महिला हिंसाको कुरा उठाउनु भनेको पुरुषविरुद्ध माहौल बनाउनु हो भन्ने मानसिकता छ । महिला हिंसा पितृसत्तात्मक सामाजिक संरचनाका कारण भएको हो । महिला हिंसामा महिलाहरु पनि सामेल भएका धेरै उदाहरणहरु छन् । तसर्थ, महिला हिंसा न्यूनीकरणका लागि महिला र पुरुष दुबैका सहकार्य आवश्यक छ । सबै पक्ष एकजुट हुन जरुरी छ । महिला हिंसा न्यूनीकरणका पानीको प्रयासहरु फोका जस्तो फुट्नु हुँदैन । स्वतन्त्रता र समानतासहितको समाज स्थापनाका लागि महिला हिंसाविरुद्ध शून्य सहनशीलताको नीतिलाई व्यवहारमा लागू गरौं ।**

# मनसुनको रहस्य



**तुलसीराम खरेल**

*"असारे महिनामा पानी पर्‍यो रुझाउने*
*एक्लो यो मेरो मन कसरी बुझाउने"*

माथिको गीत धेरै नेपालीहरुले सुनेको र गुनगुनाउने गरेको गीत हो। असार साउन महिनाको बर्षाले खेती प्रणाली मात्र होइन यहाँको जैविक विविधता, पर्यावरण, माटो, मौसम तथा बायो जेओग्राफी आदिमा ठूलो महत्व राखेको पाइन्छ। असारे पानीमा भिज्दै खेती गर्नुको मज्जानै बेग्लै हुन्छ। तर, असारे पानी कसरी परेको हो ? किन त्यही समयमा मात्रै ठूलो बर्षा हुन्छ ? किन हिँउदमा यसरी पानी नपरेको होला ? यसको उत्तर खोज्ने जमर्को धेरैले नगरेका हुन सक्छन् । यिनै कुराहरुलाई प्रकाश पार्ने प्रयास यो आलेख मार्फत गरिएको छ। यस बर्ष २०७७ सालमा मनसुन निकै छिटो शुरु भएर ढीलोसम्म रह्यो। यस बर्ष सँधैभन्दा निकै बढी बर्षा पनि भएको छ। बर्षा भएसँगै उत्साहजनक कृषि उत्पादन वृद्धिको अपेक्षा समेत गरिएको छ।

नेपालमा बर्षायाममा हुने गरेको बर्षा बंगालको खाडीबाट आएको बाष्पयुक्त वायुको कारण हो। यसलाई मनसुन भनिन्छ। त्यसकारण असार साउन महिनाको बर्षालाई मनसुनी बर्षा भनिन्छ। नेपालको धरातलीय बनोट पनि रोचक छ। नेपाल हिमालय पर्वतको दक्षिणी काखमा अवस्थित दक्षिण एसियाको एउटा मुलुक हो। दक्षिणबाट उत्तरतर्फ अति छोटो दूरीमा मौसममा देखिने पृथकता यहाँको बिशेषता बनेर रहेको छ। फेरि तराइ, पहाड, हिमाल, उपत्यका, भावर, भोट प्रदेश सबै नेपालभित्रै छन् । समुद्री सतहबाट ६० मिटरदेखि अग्लिएर विश्वको सर्वोच्च शिखर ८८४८ मिटर अग्लो सागरमाथासम्म चुलिनु नेपालको भू-बनोट हो । यस्तो बनोटले समेत बिभिन्न स्थानमा बर्षाको प्रभाव फरक-फरक पारी दिन्छ। बंगालको खाडीबाट आएको बाष्पयुक्त वायु हिमालय पर्वतमा ठोक्किएर सो पर्वतको दक्षिणतर्फको क्षेत्रमा बर्षा हुँदा नेपालको प्रायः सबै भागमा पानी पर्छ।

पूर्व-पश्चिम फैलिएका पहाडहरुमा दक्षिणी पाखोमा बढी र उत्तरी पाटोमा कम बर्षा हुन्छ। दक्षिणी पाटो न्यानो र जैविक बिविधतामा समेत तुलनात्मक रुपले सम्पन्न हुन्छ। बर्षाको सम्भावना समर सिजनर गर्मी मौसममा हुन्छ। यो मौसममा उच्च तापक्रमले पानीको बाष्पिकरण, बादल बन्ने प्रक्रिया तथा वायुको बहाव सम्भव पारी दिन्छ। नेपालको तापक्रमलाई प्रभाव पार्ने प्रमुख तत्व भनेको उचाइ नै हो। धरातलीय उचाई मात्रैले पनि तापक्रममा प्रभाव पारेर रहेको हुँदैन। यो अक्षांस तथा बर्षामा समेत भर पर्छ।

बर्खायामको पानी नेपालको पश्चिमीभन्दा पूर्वी भागमा बढी पर्दछ। यसको प्रमुख कारण मनसुन नेपालको पूर्वी भागबाट पसेर पश्चिमतर्फ जानु नै हो। नेपालको लगभग मध्य भागमा रहेको पोखरामा सबैभन्दा बढी बर्षा हुने गरेको छ। ८१६९ मिटर अग्लो धौलागिरी हिमाल पोखराको नजिक पर्दछ। पूर्वी तथा दक्षिणी दिशाबाट आएको पानीको बाष्परुपी वायु सोही हिमालमा ठोक्किएर पोखरामा ठूलो बर्षा भएको मानिन्छ। हुन त नेपालको उत्तरी भागमा पूर्वबाट पश्चिम फैलिएर रहेको हिमालय श्रृंखला नै छ। तर, अन्य स्थानभन्दा पोखरामै बर्षाको प्रभाव बढी हुनुमा चाखलाग्दा कुराहरु लुकेर रहेका छन्।

सागरमाथामा ठोक्किएर फर्केको तथा त्यहाँबाट सिँधै पश्चिमतर्फ मोडिएको बाष्पयुक्त बायु पुनः धौलागिरी हिमालमा ठोक्किने गर्दछ र पोखरा क्षेत्रमा भारी बर्षा हुन्छ। जहाँको बार्षिक औसत बर्षा ३३६५.५ मिमि रहेको छ। ओलाङ्चोङ्गोलाको नजिक रहेको पूर्वी पहाडको नुम भन्ने स्थानमा समेत बर्षाको प्रभाव बढी देखिएको छ। कुनै बर्ष त्यहाँ पोखराकोभन्दा बढी बर्षा भएको उदाहारण भेटिएका छन्। तर, लगातार धेरै बर्षको तुलनात्मक अध्ययनपछि नेपालको दोस्रो बढी बर्षा हुने स्थानको रुपमा त्यस ठाउँलाई मानिएको छ।

नुम सागरमाथाको पूर्वमा पर्छ भने पोखरा धौलागिरीको। विश्वमै सबैभन्दा बढी बर्षा हुने स्थान आसामको चेरापुञ्जी हो। चेरापुञ्जी माउन्ट कञ्चनजङ्गाको पूर्व तर्फ पर्दछ। चेरापुञ्जी, नुम र पोखराको औसत बर्षा र तापक्रम तुलनात्मक अध्ययन अति नै चाखलाग्दो समेत छ। बंगालको खाडीबाट आएको बर्षायुक्त वायु सबैभन्दा पहिले भारतको खाशी हिमालमा ठोक्किन पुग्छ। बाँकी वायु विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्गा (८५८८ मिटर)मा ठोकिन्छ र विपरीत दिशामा वायु फर्कन्छ अनि बर्षा हुन्छ। यसको बढी प्रभाव चेरापुञ्जीमा देखिएको छ। पृथ्वी पश्चिमबाट पूर्वतर्फ घुम्नु र बाष्पयुक्त वायु पूर्वबाट पश्चिमतर्फ मोडिनुको प्रभावले फेरि उक्त वायु विश्वको सर्वोच्च शिखर सागरमाथा (८८४८ मिटर)मा ठोक्किन गई पूर्वी नेपालमा बर्षा हुन्छ।

यसमध्ये नुममा यसको सर्वाधिक प्रभाव देखिएको छ। फेरि बाँकी पानी बोकेको बादल विश्वको पाँचौं अग्लो हिमाल धौलागिरी ( ८१६९.२ मिटर)मा ठोक्किन पुग्छ र त्यसको पूर्व-दक्षिणतर्फ रहेका स्थानमा बर्षा हुन्छ। यहाँ ठूलो प्रभाव पोखरा लुम्लेमा देखिएको छ। नुम र लुम्ले पोखराको तुलनात्मक मनसुनको अध्ययन वनस्पतिविद् बमबहादुर श्रेष्ठले आफ्नो पुस्तक फोरेष्ट प्लान्टस् अफ नेपालमा उल्लेख गरेका छन्। धौलागिरीदेखि पश्चिम जम्बु कश्मिर, पञ्जावसम्म नै यति अग्लो हिमाल नभएको कारण सो स्थान पश्चिम बर्षाको प्रभाव न्यून हुँदै गएको पाइन्छ। यसैको कारण पञ्जावमा मरुभूमि बन्यो। नेपालको हिमाल पारीको मुस्ताङमा अति न्यून बर्षा भएको कारण यसलाई हिमाली मरुभूमि (हिमालयन डेजर्ट) समेत भनिन्छ।



पानी पर्नु भनेको पानीको बाष्पयुक्त वायु पहाडमा ठोक्किएर रबर जस्तो फेरि फर्केर ठोक्किनु र पृथ्वीको गुरुत्व बलको कारण जमिनमा पानीको रुपमा झर्नु हो। यसलाई पुष्टि गर्ने अर्को सिद्धान्त पनि रहेको छ। यस अनुसार प्रत्येक पदार्थको वरिपरि एक बिशेष क्षेत्र रहेको हुन्छ। जसरी चुम्बकको वरिपरि उसको आकर्षण गर्ने चुम्वकीय क्षेत्र रहेको हुन्छ। हिमालय पर्वतको वरिपरि बिशेष प्रकारका चिसा तरङ्गहरु (कोल्ड वेभ्स) हुन्छन्। बंगालको खाडीबाट आएको तातो बाष्पयुक्त वायु उक्त चिसा तरङ्गसँग ठोक्किन पुग्छ र बाष्पयुक्त वायु पानीका थोपाहरुमा बदलिन्छ। त्यसपछि गुरुत्व बलको कारण पृथ्वीको सतहमा झर्दछ। यसलाई हामी बर्षा भएको भन्छौं। यसप्रकार असार-साउनमा बर्षा हुन्छ। खेतीपाती लाग्छ। अन्न फल्छ। हामी सबै बाँच्दछौं। जंगल हराभरा हुन्छन्। अनि गीतकार र कविहरु कलम चलाउँछन्-

*"पानीको रिमझिम बर्षाको बेला...,*
*साउनी खोला उर्लेर आउँदा...,*
*साउने झरीमा यो गाउँको गोरेटो...,*
*साउने झरिबनी तिमी आउन*
*मेरो मनको मझेरीमा जुन छाउन।"*

tulasikharel2015@gmail.com

# प्लास्टिकको विकल्प खोज्दै 'हिमालयन लस'



**गंगाराम गड्तौला**

भोज-भतेरमा खाना खाँदा हामी कस्ता भाँडा प्रयोग गर्छौं ? प्लास्टिकका। घरमा सहजै प्रयोग गरिने सामान केका छन् ? प्लास्टिकका। पसलमा सामान किनेपछि हामी केको भाँडोमा हालेर ल्याउँछौं ? प्लास्टिकमा। अब त हुँदाहुँदा प्लास्टिकका कुर्सी, प्लास्टिककै टेबल, प्लास्टिककै गिलास, प्लास्टिककै थाल, प्लास्टिककै जग। हाम्रो अवयव नै प्लास्टिक बनिसक्यो। हामी प्लास्टिक बोक्छौं। प्लास्टिकमा बस्छौं। प्लास्टिकमै सुत्छौं। प्लास्टिक खान्छौं र प्लास्टिक लाएर हिँड्छौं। मानौं प्लास्टिक हाम्रो अभिन्न अङ्ग बनिसक्यो। तर, यसबाट वातावरणमा के-कस्तो असर परिरहेको छ ? हामीले कहिल्यै सोचेका छौं ? अब सोच्नुपर्ने बेला आएको छ।

हरेक मानिसको सपना हुन्छ, पैसा कमाउने। आजको जमानामा पैसा कमाएपछि मान, प्रतिष्ठा, इज्जत, सम्मान सबै पाइन्छ। प्रायः मानिसको सोच यही छ। जम्माजम्मी पैसा कमाउनु नै उद्देश्य भएपछि जसरी भए पनि पैसा कमाउन मानिस उद्यत छ। जे काम गर्दा पैसा कमिन्छ त्यही काम गर्न हामी अधिकांश मानिस तयार छौं। तर, आफूले पैसा कमाउनका लागि गरिरहेको कामबाट समाजमा सकारात्मक वा नकारात्मक कस्तो असर परिरहेको छ ? यस विषयमा भने कमैले सोचेको पाइन्छ। पैसा पनि कमाउने र समाजको भलाइ पनि गर्ने। सायद धेरैको मनमा यो असम्भव विषय भन्ने लाग्छ। तर, हामी समाजलाई कुनै पनि किसिमको हानी-नोक्सानी नगरिकन पैसा कमाउन सक्छौं। हजुर समाजको वातावरणीय पक्षप्रति संवेदनशील बन्दै उद्योग-व्यवसाय गर्न झापाका केही युवा व्यवसायी लागीपरेका छन्।

अर्जुनधारा नगरपालिका वडा नं. १, सेतीपानी भन्ने ठाउँमा पुग्नुभयो भने तपाईंले हिमालयन लस इन्डस्ट्रिज नामक एक कारखाना देख्नु हुनेछ। झण्डै १७ कठ्ठा जमिनमा फैलिएको यो कारखना बाहिरबाट हेर्दा सामान्य देखिन्छ। तर, यसको उद्देश्य अनुकरणीय छ। बढ्दो वातावरणीय प्रदुषणलाई कम गर्ने, स्थानीयलाई स्वरोजगार बनाउने र प्लास्टिकको बढ्दो प्रयोगलाई निरुत्साहित गर्ने लक्ष्यसहित यो कारखाना स्थापना भएको हो।

सुपारीकै चम्चा, सुपारीकै प्लेट, सुपारीकै दुना, सुपारीकै टपरी, सुपारी कै खण्डे थाल, सुपारीकै बोल के-के हो के-के। ३७ प्रकारका सामान, अनुसार मिसिन सुपारीका सुप्लाबाट बनेका विविध सामान। सकारात्मक सोचका धनी केही युवाको प्रयासमा सञ्चालनमा आएको यस कारखानाले खेर गइरहेको सुपारीको सुप्लालाई प्रयोगयोग्य बनाउने काम गर्छ। स्थानीय श्याम प्रसाईं, गोकुल प्रसाईं, श्यामबहादुर बस्नेत, लक्ष्मी प्रसाईं र अशोकमान कपालीको संयुक्त लगानीमा सञ्चालित यस कारखानाले सुपारीका सुप्लाबाट विभिन्न ३७ प्रकारका घरेलु सामग्री उत्पादन गर्छ। जुन सामग्री शतप्रतिशत वातावरण मैत्री छन्। छ करोड लगानीमा सञ्चालन आरम्भ भएको कम्पनीमा हरेक दिन दश हजारप्रति उत्पादन गर्नसक्ने क्षमता छ। तर, बजारको सम्भावना कम भएकोप्रति सञ्चालक चिन्तित छन्। कोरोना कहरका कारण स्थानीय बजारमा सीमित हुनुपर्ने बाध्यता छ। उपभोक्तामा सचेतना आइनसकेका कारण प्लास्टिकलाई विस्थापन गर्न कठिनाई छ।

सरकारले कृषि उपज सरह अनुदानको व्यवस्था गरिदिए कम्पनीले नेपाली बजारमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत बजार विस्तार गर्ने सम्भावना देखिन्छ। यसका लागि स्थानीय तथा केन्द्रीय सरकारको अनुदान आवश्यक छ। सरकारी स्तरबाट गर्नुपर्ने कार्य केही युवाहरूले गरिरहँदा तिनलाई होस्टेमा हैसे गर्नु हामी सबैको दायित्व हो। स्थानीयलाई रोजगारी दिलाउँदै प्लास्टिकजन्य वस्तुको प्रयोगमा कमी ल्याउने यो प्रयासलाई सबैको सहयोग जरुरी देखिएको छ।



# कोरोना संक्रमित : स्वस्थ र सन्तुलित आहार

**☐ आरबी बुढाथोकी**

नेपालमा दिनानुदिन कोरोना संक्रमितको संख्या थपिँदैछ। संक्रमित बढ्दै जाँदा अस्पतालमा बेड र आइसियु अभाव भएपछि अधिकांश सर्वसाधारण आफ्नै घरलाई आइसोलेसन बनाएर बसेका छन्। अपत्यारिलो रुपमा ह्वात्तै कोरोनाका बिरामी बढ्न थालेपछि के खाने र कसरी बच्ने भन्ने चिन्ता पनि त्यतिकै थपिएको छ। कोरोना पोजेटिभ हुँदा शरीरमा रोग प्रतिरोधात्मक (इम्युनिटी पावर) क्षमता कम हुने भएकोले यस्तो अवस्थामा अलि भिन्न खालको ताजा र स्वस्थ खालको नियमित सन्तुलित आहार (ब्यालेन्स डाइट) जरुरी पर्ने हुन्छ। हामीले भोगेको र विज्ञको सल्लाहलाई मिश्रण गरी यहाँ बिहानदेखि बेलुका सुत्ने बेलासम्मको खानालाई क्रमिक रुपमा प्रस्तुत गरिएको छ, जुन अहिलेको अवस्थामा धेरैलाई उपायोगी सावित हुने आशा गरिएको छ।

बिहान समयमा उठ्ने र बेलुका समयमा सुत्ने बानी बसाल्नु अत्यन्त जरुरी छ। बिहान साढे चारदेखि पाँच बजेसम्म उठिसक्दा उत्तम मानिन्छ। नित्य कर्म लगत्तै मनतातो पानी या हर्बल काडा जुन पानी, बेसार, गुर्जो, बोझो, अदुवा, मरिच, तेजपात, लेमन ग्रास, तुलसी, ज्वानो, जिरा, मेथी, दालचिनी, ल्वाङ, सुक्मेल, कागती, कालो नुन (वीरे नुन) लगायत हालेर बनाउन सकिन्छ। यो बनाउँदा १२ देखि १५ मिनेटसम्म उमाल्नुपर्ने हुन्छ। गुलियो मन पर्नेले कालो नुन, शुद्ध मह, मिस्री या सख्खर प्रयोग गर्न सक्नुहुन्छ। तर, सकेसम्म सेतो नुन नखाँदा राम्रो मानिन्छ। यो पानी पटक-पटक गरी २४ घण्टामा चार या पाँच पटकसम्म पिउन सक्नुहुन्छ। एकपटक पिउँदा चार सय एमएल राम्रो हुन्छ। बेसारले गर्दा कोरोना छिटो हराउँछ र कोरोना लाग्दैन भनेर मात्राभन्दा ज्यादा सेवन गर्दा भारतमा धेरैको आँखा पहेलो हुने रोग देखिन थालेका कारण बेसारपानी ठिक्क मात्र सेवन गर्नुपर्ने हुन्छ र सकेसम्म काँचो बेसार राम्रो मानिन्छ।

बिहान जुसको रुपमा ताजा किबी, स्विट लाइम (मौसम), चुकन्दर, गाजर, स्याउ, जुनार, सुन्तला उत्तम हुन्छ। जुस मिसाएर पेल्दा केही मात्रमा लेमन जुस र काँचो बेसार मिसाउँदा राम्रो हुन्छ। बिहानको खाजाको रुपमा मकैको रोटी, कोदोको रोटी, फापरको रोटी, मुङ दालको रोटी ( चिल्ला), ग्रान्युला मुसली दहीसँग, ओट्स दूधसँग, ब्राउन मल्टिग्रेन ब्रेड र हर्बल चिया लिँदा राम्रो हुन्छ। बिहानको सुपको रुपमा कुरिलो, ब्रोकाउली, क्यारोट, मुङ, क्वाँटी या बिन स्प्राउटको मात्र लिँदा स्वास्थ्यवर्द्धक हुन्छ। बिहानको ब्रेकफास्ट ८ बजेभित्र गर्दा राम्रो हुन्छ। सन्तुलित खानासँगै योगा या हल्का शारीरिक ब्यायाम पनि गर्न सकिन्छ, जुन बिरामीको अवस्था हेरेर गर्नुपर्ने हुन्छ।



बिहानको खानामा ताजा तरकारी, दाल (मुङ), ब्राउन राइस, वाइल्ड राइस (रेड राइस), दलिया, सलाद, फ्रेस कट मिक्स फ्रुट खाँदा उत्तम हुन्छ। बिहानको खाना पनि १२ बजेभित्र लिँदा राम्रो मानिन्छ। प्रेसर, सुगर या अन्य कुनै रोग हुनेले केही होस पुर्‍याएर चिकित्सकको सल्लाह अनुसार आफ्नो खानाको सन्तुलन मिलाउनुपर्ने हुन्छ। खाना पकाउँदा जैतुनको तेल य ताजा शुद्ध घ्यू एकदम कम प्रयोग गरेर पकाउनुपर्ने हुन्छ। मसलादार खाना पनि नखाँदा राम्रो मानिन्छ र पिरो विल्कुल प्रयोग नगर्नु राम्रो हुन्छ।

बेला-बेलामा केरा, स्याउ, एभोकाडो, किवी, मेवा जस्ता ताजा फलहरु पनि खाइरहँदा हुन्छ। दिउँसोको खाजाको रुपमा सादा रोटी, ब्राउन्ड ब्रेडको स्यान्डुज, काथी रोल, सोय मिल्क जस्ता हलुका खाना लिँदा हुन्छ। बेलुकाको खाना पनि ९ बजेभित्र लिँदा उत्तम हुन्छ र बेलुकाको डिनरमा ब्राउन राइस र मिक्स भेजको खिचडी, दलिया खिचडी, मुङ दालको खिचडी, ओट्सको खिचडी या आटाको सादा रोटी र दाल तरकारी खाँदा हुन्छ।

बेलुकाको डिनर पनि सकेसम्म हलुका नै लिँदा राम्रो र सुत्नुभन्दा एक-डेढ घण्टा अगाडि नै खाँदा राम्रो हुन्छ। बेसार दूध (हल्दी दूध) जसलाई गोल्डन मिल्क पनि भनेर चिनिन्छ। राति सुत्ने बेलामा एक गिलास गोल्डन मिल्क पिएर सुत्दा उत्तम हुन्छ। काजु, बदाम, ओखर जस्ता ड्राई नट्सहरु पनि बेलाबेलामा नियमित खाने गर्दा राम्रो मानिन्छ र यसले इम्युनिटी पावर बढाउन मद्दत पुर्‍याएको हुन्छ। सकेसम्म भिटामिन सी पर्याप्त पाइने खाना खानु उत्तम हुन्छ र मिलेसम्म एकएक छिन बिहानको घाममा बस्दा राम्रो हुन्छ।

**के कोरोना पोजेटिभ बिरामीले माछा–मासु खानुहुन्छ ?**

यदि तपाईंलाई ननभेज खान मन पर्छ भने खान सक्नुहुन्छ। तर, सन्तुलन मिलाएर ठिक्क मात्र लिँदा राम्रो हुन्छ। ननभेज खाँदा ससेज, अन्डा, कालिज, बट्टाई, कुखुरा, झिङ्गे माछा या माछा मात्र लिँदा राम्रो हुन्छ। खसी या बंगुरको मासुमा ज्यादा चिल्लो हुने हुँदा नखाँदा बेस हुन्छ। यदि खानु नै पर्ने भए उसिनेर लिँदा राम्रो हुन्छ। सामान्यतया कोराना बिरामीले माछामासु कम नै खाने गरेको पाइन्छ। ताजा तरकारी र फलफूल डाइजेस गर्न पनि सहज हुने हुँदा प्रायः सबैले भेज आहार रोजेको पाइन्छ। डेरी प्रडक्टहरु पनि कम नै प्रयोग गरेको पाइन्छ। चिकित्सकको सल्लाह लिएर सन्तुलित आहार लिँदा झन् राम्रो हुन्छ।

# भद्रपुरका विद्यालय मंसीर २ गतेसम्म बन्द


**भद्रपुर, कात्तिक १८।** कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि भद्रपुर नगरभित्र सञ्चालनमा आएको सबै विद्यालय बन्द गरिएको छ।

नगर शिक्षा, युवा तथा खेलकुद शाखाले सोमबार एक सूचना जारी गर्दै आगामी मंसीर २ गतेसम्म नगरभित्रका सामुदायिक तथा निजी विद्यालय बन्द राख्न निर्देशन दिएको छ।

विद्यालयले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका २०७७ बमोजिम विद्यालयमा समूहगत रुपमा विद्यार्थीलाई उपस्थिति गराई वा वैकल्पिक सिकाई केन्द्रमा प्रत्यक्ष उपस्थितिमा सिकाई सहजीकरण सञ्चालन भइरहेकोको पठनपाठन स्थगित गराउन जारी गरिएको सूचनामा उल्लेख गरिएको छ।

साथै वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका बमोजिम अनलाइन कक्षा सञ्चालन र कक्षा ११ को परीक्षण सञ्चालन गर्न कार्यतालिका सार्वजनिक भइसकेकाले विद्यालयले सोही बमोजिम गर्न सूचनामा भनिएको छ।

# ढकाल परिवारमा शोक



**बिर्तामोड, कात्तिक १८।** वीरता जेसीजका भूतपूर्व अध्यक्ष शेखर ढकाललाई मातृशोक परेको छ।

ढकालकी आमा बिर्तामोड-१ निवासी तुलसादेवी ढकालको ८१ वर्षको उमेरमा कात्तिक १३ गते बिहीबार बिहान ३ बजे निधन भएको हो। ढकालका दुई जना छोरा र एक जना छोरी, चार जना नाति, दुई जना नातिनी, दुई जना पनाति र एक जना पनातिनी रहेका छन्। उनका श्रीमान् नारायणप्रसाद ढकाल र छोरी विमला ढकालको यसअघि नै निधन भइसकेको छ।

हाल स्व. ढकालका दुई जना छोरा-बुहारीहरुमा शेखर-आशा ढकाल र कृष्णप्रसाद-चन्द्रा ढकाल रहेका छन्। स्व. ढकालका छोरामध्ये शेखर साहित्य चौतारी बिर्तामोड झापाका संस्थापक उपाध्यक्ष, पाथीभरा ट्राभल्सका सञ्चालक, मेगा वर्किङ हेण्ड्सका अध्यक्ष, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व सहसचिव रहेका छन् भने रेडक्रस, परिवार नियोजन संघ लगायत विभिन्न संस्थाका आजीवन सदस्य रहेका छन्।

# 'जक' गर्ने तीन पक्राउ

**मोरङ, कात्तिक १८।** मोरङमा दुई बेग्लाबेग्लै बलात्कार घटनाका अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्लाको बेलबारी नपा-१ स्थित अमना सिसौली जङ्गलमा कात्तिक १३ गते सोही नगरपालिका-३ निवासी सुकमान तामाङले चक्रबहादुर चौधरीको सहयोगमा एक बालिकालाई बलात्कार गरी फरार रहेको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो।

यस्तै सोही दिन दिउँसो मोरङको ग्रामथान गाउँपालिका-२ निवासी ४० वर्षीय जुमेश सरदारले स्थानीय एक युवतीलाई बलात्कार गरी फरार रहेको अवस्थामा प्रहरीले पक्राउ गरी अनुसन्धान शुरु गरेको प्रहरी नायब उपरीक्षक मानबहादुर राईले जानकारी दिए।

# काजकिरिया खर्च र उपचार खर्च प्रदान



**बिर्तामोड, कात्तिक १८।** बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले आफ्ना कर्मचारी तथा शेयर सदस्यलाई राहत सुविधा प्रदान गरेको छ।

संस्थाले आफ्ना कर्मचारीको अभिभावकको मृत्युमा समवेदना व्यक्त गर्दै काजकिरिया खर्चवापतको रकम प्रदान गरेको हो। संस्थाका विभागीय प्रमुख यामबहादुर बिष्टका बुबा तथा संस्थाको भद्रपुर सेवाकेन्द्रकी क्यासियर विष्णुमाया भट्टराई बिष्टको ससुरा बुबा शुरवीर बिष्टको निधन भएकोमा उनको निवास हल्दीबारी-४ मा पुगेर समवेदना पत्रसहित काजकिरिया खर्च प्रदान गरेको हो।

संस्थाका अध्यक्ष सुवास भट्टराई, कार्यकारी प्रमुख कमलबहादुर बस्नेत, सचिव इन्द्रबहादुर कार्की, विभागीय प्रमुख विजय बस्नेत, कमला प्रधान, ऋण उपसमिति सदस्य योगराज श्रेष्ठ लगायतले समवेदना पत्रसहित काजकिरिया खर्चवापत ९० हजार रुपैयाँ प्रदान गरेका थिए।

त्यस्तै संस्थाको दानाबारी सेवाकेन्द्रकी क्यासियर भूमिका ढकाल अधिकारीको सासुआमा राजगढ निवासी उमादेवी अधिकारीको निधन भएकोमा अधिकारी निवासमा पुगेर समवेदना पत्रसहित काजकिरिया खर्च वापत ३० हजार प्रदान गरिएको छ। संस्थाका अध्यक्ष सुवास भट्टराई, कार्यकारी प्रमुख कमलबहादुर बस्नेत, सचिव, सचिव इन्द्रबहादुर कार्की, विभागीय प्रमुख विजय बस्नेत लगायतले समवेदना पत्रसहित काजकिरिया खर्च प्रदान गरेका थिए।

त्यस्तै गरी संस्थाले चालू कात्तिक महिनामा दशैंअघि र पछि हालसम्म शेयर सदस्यहरुलाई तीन लाख २६ हजार आठ सय ३१ रुपैयाँ सामाजिक सुरक्षा खर्च प्रदान गरेको जनाएको छ। संस्थाले बिर्तामोड सेवाकेन्द्रका सदस्यहरु रसम राजवंशीलाई २२ हजार रुपैयाँ, मञ्जु तामाङलाई १३ हजार नौ सय ७८ रुपैयाँ, एलिशा गौतमलाई १३ हजार पाँच सय रुपैयाँ, पुष्पा खनाललाई १३ हजार तीन सय ५० रुपैयाँ र अञ्जु भण्डारीलाई १२ हजार छ सय रुपैयाँ उपचार खर्चवापत घरघरमै गएर प्रदान गरेको बिर्तामोड सेवाकेन्द्र प्रमुख रमेश खनालले बताए।

संस्थाका विभागीय प्रमुख विजय बस्नेत, बिर्तामोड सेवाकेन्द्र प्रमुख रमेश खनाल लगायतले उक्त रकम प्रदान गरेका थिए। सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले आफ्ना कर्मचारी र शेयर सदस्यहरुप्रति अभिभावकीय एवम् सामाजिक उत्तरदायित्व निर्वाह गर्दै जन्मदेखि मृत्युपर्यन्त साथदिने संस्थाका अध्यक्ष सुवास भट्टराईले बताए।

**सच्याइएको छ,**

पूर्वाञ्चल दैनिकको मिति २०७७ कात्तिक १८ गतेको अंकमा प्रकाशित जनता समाजवादी पार्टी जिल्ला कार्यसमितिले दिएको बधाई तथा शुभकामनामा **जिल्ला अध्यक्ष** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।





शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त गाउँपालिका बासी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

बुद्धिमान लिम्बू : अध्यक्ष

एवम् बुद्धशान्ति गाउँपालिका वडा नं. ४ कार्यालय परिवार

बुद्धशान्ति, झापा




शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त गाउँपालिका बासी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मिनकुमार नेवार : अध्यक्ष

एवम् बुद्धशान्ति गाउँपालिका वडा नं. १ कार्यालय परिवार

बुद्धशान्ति, झापा




शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त गाउँपालिका बासी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

शम्भुप्रसाद पौडेल : अध्यक्ष

एवम् बुद्धशान्ति गाउँपालिका वडा नं. ६ कार्यालय परिवार

बुद्धशान्ति, झापा




शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त गाउँपालिका बासी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कमल उप्रेती : अध्यक्ष

एवम् बुद्धशान्ति गाउँपालिका वडा नं. ३ कार्यालय परिवार

बुद्धशान्ति, झापा




शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त गाउँपालिका बासी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मात्रिका पौडेल : अध्यक्ष

एवम् बुद्धशान्ति गाउँपालिका वडा नं. ७ कार्यालय परिवार

बुद्धशान्ति, झापा

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९, ९८४१३२१४६४

डिलर तथा होलसेल आवश्यकता

एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई होलसेलर तथा डिलर चाहियो।

कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.

९८०१४२४०१३, ९८०१४२३६४३

अर्जुनधारा-०६, झापा


## कम्पनीको नाम परिवर्तन भएको सूचना

*पहिलो पटक प्रकाशित मिति : २०७७/०७/१९*

यस कम्पनीको मिति २०७५/१०/२८ मा सम्पन्न एकल शेयर धनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी घिमिरे अटो प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तन नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजीष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी घिमिरे अटो एण्ड इन्भेष्टमेन्ट प्रा.लि. कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


जाँड रक्सी सजिलो सँग छुटाइन्छ यौवन उपचार

तपाईंमा भएको यौवन कमजोरी, पिनास, दम, खोकी, यूरिक एसिड **पायल्स फिस्टुला फिसर,** ग्याष्ट्रिक, अल्सर, महिलाको महिनावारी गडबढी पाठेघरको समस्याहरु सेतोपानी बग्ने, पथरिया, पिनास सबै उपचार हुन्छ। *(जाडरक्सी १०० प्रतिशत छुटाइन्छ।)*

*दैनिक अनुभव वैध, कविराजबाट जाँच साथै प्रत्येक शनिबार डाक्टरबाट जाँच हुनेछ।*

फाल्गुनन्द आयूर्वेद फार्मेसी सेवा

शनिश्चरेरोड, ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा

(फोन: ९८४२६४३६१८/९८०७९९४८८०)

पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस्। अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोड**बाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, नि:सन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

रबिन आयुर्वेदिक फार्मेसी

अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड

फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१




शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता वर्ग, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मणि गौतम, सचिव

ज्ञानबहादुर मगर, अध्यक्ष

एवम् हडिया चुली सामुदायिक वन उपभोक्ता समूह परिवार

अर्जेन्ट कर्मचारी आवश्यकता

शिलवाल इञ्जिनियरीङ वर्कसप झिलझिलेलाई एक जना दक्ष तथा इमान्दारी लेथ मेसिन चलाउन सक्ने एक जना कर्मचारी आवश्यक परेकाले मेसिनरी सम्बन्धी ज्ञान भएकाले तुरुन्त सम्पर्क राख्नु होला।

पद : लेथ मेसिन कालीगड

संख्या : १ जना

कार्य क्षेत्र : झिलझिले

प्रो. रमेश शिलवाल

मो. नं. ९८०४९५९१४७/९८६२६७६४५९

सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला।

भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस्।

उमेर : २६ देखि ४८ सम्म

सम्पर्क : ९८२४९८२२९६ (गोविन्द), ९८४४६९८३४० (रामकुमार)

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि, स्टाम्प (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट

घिमिरे अफसेट प्रेस बिर्तामोडमा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क

राजुकुमार श्रेष्ठ

९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२७, ०२३-५४६००५



दमक सम्पर्क:

देवी सिटौला

९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ।



सम्पर्क: भूपाल कार्की

९८०१४०४०००, ९८१६६४१५७३

अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। हल्लाको पछि लाग्दा दु:ख पाइनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** लगनशीलताले परिस्थितिलाई बदल्नेछ र पछि लाभ हुने काम प्रारम्भ हुनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** साँझदेखि स्थितिमा सुधार आउनेछ भने रोकिएको काम सम्पादन गर्न सकिनेछ। रात्रिको समयमा रमझम बढेर जाला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ। समयको माग अनुसार चल्न नसक्दा चिताएको काममा विलम्ब हुन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** साझेदारीमा पहिलेको सम्झौता भंग हुन सक्छ। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। अरूको सुझावमा भर नपर्नुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ। तर, महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन्। अग्रजहरूको सहयोग जुट्नुका साथै शुभचिन्तकहरूबाट उत्साह प्राप्त हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** उद्योग र व्यापारमा मनग्गे लाभ हुनेछ। मेहनतले जीवनशैलीमा सुधार ल्याउनेछ। नयाँ सम्झौता गराउने योग छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** पराक्रमी कार्य सम्पादन गर्दै नाम र दाम कमाउने अवसर जुट्नेछ। साँझतिर आस लागेको काम बिग्रनाले सोचेको उपलब्धि प्राप्त नहुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिएला। आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ। अध्ययनमा त्यति समय दिन नसकिएला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** स्थायी सम्पत्तिमा केही वादविवाद आउन सक्छ। परिस्थितिसँग सम्झौता गर्नुपरे पनि चिताएको काम सम्पादन गर्न केही समय प्रतिक्षा गर्नुपर्ला।